जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ४० २०८३ साल भदौ १८ गते बिहीबार (3 Sep 2026 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

*यस अंक भित्र :* २ पृष्ठमा : विपत्तिपछि पुनरुत्थानः समृद्ध... ३ पृष्ठमा : भोटेकोशी बाढीः शव... ३ पृष्ठमा : गाजामा वर्षाको मौसम नजिकिँद...

# प्रधानमन्त्री राहत कोषमा जुट्यो करिब आठ अर्ब

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ भदौ ।**

रसुवाका बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढ्दै गएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहले बुधबार प्रतिनिधिसभाको बैठकमा सम्बोधन गर्दै नेपाल सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमार्फत बाढी प्रभावितका लागि आर्थिक सहयोग जुटाइरहेको छ र यसमा सहयोग आउने क्रम बढ्दै गरेको जानकारी दिए ।

उनका अनुसार राहत कोषमा बुधबारसम्म रु सात अर्ब ८८ लाख ५७ हजार २१७ रुपैयाँ जम्मा भएको छ । जसमध्ये हिजोमात्रै उक्त कोषबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई रु एक अर्ब निकासा गरिएको थियो । त्यसमध्येबाट रु छ करोड ७५ लाख रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका बाढी प्रभावित १५ वटा पालिकामा निकास भइसकेको छ ।

उक्त कोषमा हाल रु छ अर्ब ८८ लाख ५७ हजार २१७ मौज्दात रहेको छ भने थप रु ६१ लाख ४१ हजार ७०२ अमेरिकी डलर जम्मा भएको छ ।

# भाइको प्रतीक्षामा रामकुमार



बोदेवरसाईन नगरपालिका वडा नं. ८ काचनटोल निवासी तीन दाजुभाई ३१ वर्षीय देबकुमार यादव, ३५ वर्षीय शिवकुमार यादव र २५ वर्षीय सचित यादव ।
*तस्विर : राजविराज दैनिक*

**सुधा देव**
सप्तरी, १७ भदौ (रासस) ।

रामकुमार यादव आफ्ना तीन भाइ एकैपटक घर आउन सक्ने व्यग्र प्रतीक्षामा छन् । सप्तरीको बोदेबर्साइन नगरपालिका–८ काचनका यादव परिवारका जेठा छोरा रामकुमारले भोटेकोशी बाढीमा परी सम्पर्कविहीन भएका भाइहरू घर आउन सक्ने प्रतीक्षामा रहेको जानकारी दिनुभयो ।

उहाँका सबै भाइ रसुवास्थित अपरत्रिशूली–१, जलविद्युत् आयोजनामा कार्यरत हुनुहुन्थ्यो । माइलो ३५ वर्षीय शिवकुमार यादव सुपरभाइजर, साइँलो ३१ वर्षीय देवकुमार यादव इन्जिनियर र कान्छो २५ वर्षीय सचित ओभरसियर पदमा कार्यरत हुनुहुन्थ्यो ।

"घरमा चुलो नबलेको एक हप्ता भयो, भाइहरूकै सम्झनाले सताइरहेको छ", रामकुमारले भन्नुभयो । "भाइहरू अहिलेसम्म सम्पर्कमा नआए पनि झिनो आशामा उनीहरू घर आउने प्रतीक्षामा हामी छौँ", उहाँले भन्नुभयो ।

उहाँहरूकी ७० वर्षीया आमा छिनछिनमा छोरा ल्याइदेऊ, छोराहरूबिना कसरी बस्नु भन्दै बेलाबेलामा मुर्छित हुनुहुन्छ । स्थानीय विनोद साहले बताउनुभयो । आमा र सम्पर्कविहीन हुनुभएका दाजुभाइका पत्नीहरूको अवस्था पनि दुःखद् छ । कतिबेला श्रीमान् भेटिएला र खबर आउँला भन्ने पर्खाइमा उहाँहरू कुरिरहनुभएको छ ।

माइलो, शिवकुमारको विवाह भएको पाँच वर्ष भयो । उहाँका दुई सन्तानसमेत छन् । साइँलो छोरा देवकुमारको यही वैशाखमा विवाह भएको हो । कान्छो सचित भने अविवाहित हुनुहुन्थ्यो । तीनवटै छोराहरू रसुवामा काम गर्न थालेपछि सुखी थियो यादव परिवार ।

शिवकुमारको पत्नीसँग बाढी आएको दिन बिहान भलाकुसारी भएको थियो । बाढी आउने कुनै अत्तोपत्तो थिएन । एक्कासी सम्पर्कविहीन भएको उहाँकी पत्नीले बताउनुभयो ।

बुवा लालबहादुर भने छोराहरूको खोजीका लागि रसुवा गएको चार दिन बित्यो । छोराहरूसँग कतै सम्पर्क हुन सकेन । लालबहादुरले भन्नुभयो ।

उहाँहरूको जस्तै विष्णुपुर गाउँपालिका–१ खुरहरियाका ३६ वर्षीय इन्जिनियर अजयकुमार यादवको परिवारको पीडा उस्तै छ । अजय पनि बाढी आएकै दिनदेखि सम्पर्कविहीन हुनुहुन्छ । उहाँ रसुवा जिल्लाको उत्तरगया गाउँपालिका–५ स्थित नीलकण्ठ माध्यमिक विद्यालय बोगटीटारमा कार्यरत शिक्षक हुनुहुन्थ्यो ।

उहाँ सोही ठाउँमा डेरा लिएर बस्दै आउनुभएको थियो । बाढी आएकै दिनदेखि अजय सम्पर्कमा नआएपछि उहाँको घरमा सन्नाटा छाएको छ । घरमा चुलोसमेत बल्न सकेको छैन । उहाँको आमाबुबा छिनछिनमा मुर्छित् पर्दै आउनुभएको छ । अन्य परिवार चिन्तामा हुनुहुन्छ ।

उहाँको मामाका छोरा श्यामसुन्दर यादव भाइको खोजीमा रसुवासम्म पुग्नुभयो । भाइको कुनै पत्तो नलागेको जानकारी दिनुभयो । रसुवाकै मेलुङ–५ एमभी हाइड्रोपावरमा कार्यरत सुरुङ्गा नगरपालिका–२ का सरोज चौधरी पनि भोटेकोशीमा आएको बाढीपछि सम्पर्कविहीन हुनुहुन्छ ।

उहाँको अवस्थाबारे यथाशीघ्र सार्वजनिक गर्न परिवारले सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ । सुरुङ्गा नगरपालिका–७ बसानपट्टीका एक आमाछोरा पनि बाढीपछि सम्पर्कविहीन हुनुहुन्छ । बसानपट्टीका दुर्गानन्द रामकी पत्नी गीता राम र

*बाँकी अन्तिम पृष्ठमा*

# महिलाको बलात्कार गरी फरार रहेका प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौ ।**

घरमा एक्लै रहेकी एक महिलाको बलात्कार गरी फरार रहेका प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको सप्तकोशी नगरपालिका ९ कमलपुर टोल वस्ने ३२ वर्षिय दिलिप कुमार यादव छन । घट्नाको अढाई महिना पछी उनी पक्राउ परेका हुन ।

गोप्य सुचनाका आधारमा उनलाई मंगलवार साँझ कंचनरुप नगरपालिका ८ स्थित वेरियर चौकबाट पक्राउ गरिएको प्रहरी निरिक्षक विजय कार्कीले जानकारी दिए ।

घरमा एक्लै रहेको मौका छोपी २०८३ जेठ २५ गते राती सप्तकोशी नगरपालिका वडा नं १० घर भएकी ३५ वर्षिया महिलाको बलात्कार पछी यादव फरार भएको प्रहरीको भनाई छ ।

पीडीत महिलाले इकालका प्रहरी कार्यालय कंचनपुरमा जाहेरी दिएपछी प्रहरीले जबरजस्ती करणी मुदा दर्ता गरी उनको खोजतलास कार्य तिब्र बनाएको थियो ।

पक्राउ परेका यादवलाई बुधवार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विपद् व्यवस्थापन कोषमा एक अर्ब उपलब्ध गराउने निर्णय

काठमाडौं, १७ भदौ (रासस) ।

भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित क्षेत्रको राहत, उद्धार तथा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषमा रु एक अर्ब उपलब्ध गराउने निर्णय भएको छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ बमोजिम गठित कोष सञ्चालन समितिको मंगलबार बसेको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा मौज्दात रहेको रकममध्ये रु एक अर्ब उक्त कोषमा उपलब्ध गराउने निर्णय गरेको हो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टको संयोजकत्वमा बसेको बैठकले भदौ १० गते नेपाल–चीन सीमाक्षेत्र तथा भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित क्षेत्रमा राहत तथा उद्धारलगायत कार्य सञ्चालन गर्न उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको एभरेष्ट बैंक, सिंहदरबार शाखामा रहेको खाताबाट रु एक अर्ब विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ बमोजिमको विपद् व्यवस्थापन कोषमा उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकमा गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि, वन तथा वातावरण मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरूको सहभागिता थियो ।

**औषधिको जथाभावी प्रयोग नगरौं**

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

**औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।**
**तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# विपत्तिपछि पुनरुत्थानः समृद्ध पर्यटन र सुदृढ भविष्य

**खुम सुवेदी**
काठमाडौँ, १७ भदौ (रासस) ।

प्राकृतिक विपत्तिका अगाडि मानिस निसहाय बन्छ, तर उसको अदम्य साहस, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित हुँदैन । प्रकृतिको अनुपम वरदान, हिमशृङ्खलाहरूको काख र अद्वितीय संस्कृतिको धनी हाम्रो देश आज फेरि एकपटक प्रकृतिको कठोर परीक्षाबाट गुजरिरहेको छ । अविरल वर्षा, विनाशकारी बाढी र पहिरोका कारण रसुवागढी, नुवाकोट, धादिङ तथा मुग्लिन-काठमाडौँ जोड्ने मुख्य सडक धमनी कृष्णभीर क्षेत्रमा पहाडहरू खसेर यातायात र सञ्चार अवरुद्ध हुन पुगेका छन् ।

यस प्राकृतिक प्रकोपले नेपालको पर्यटकीय यातायात, पदमार्ग र समग्र पर्यटन उद्योगमा गहिरो चोट पुऱ्याएको छ । रसुवागढी, लाङटाङ, गोसाईंकुण्डजस्ता पवित्र धार्मिक एवं साहसिक क्षेत्रतर्फ गएका श्रद्धालु यात्री, विदेशी पर्यटक, यातायात चालक, पर्यटन मजदुर, पदयात्राका पथप्रदर्शक (गाइड), भरिया र स्थानीय बासिन्दाहरू प्रभावित बनेका छन् तर इतिहास साक्षी छ– मानिस प्राकृतिक विपत्तिका अगाडि केही क्षणका लागि विवश देखिए पनि उसको अदम्य साहस, धैर्य, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित भएको छैन ।

खोजी तथा उद्धारका कार्यहरू तीव्र रूपमा अगाडि बढिरहेको यो कठिन घडीमा हराइरहेका सबै नेपाली तथा विदेशी नागरिकहरूको शीघ्र सुरक्षित उद्धार, घाइतेहरूको अविलम्ब स्वास्थ्यलाभ र प्रभावित परिवारहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सबैको रहेको छ । निराशाको यो कालो बादल छिचोल्दै नेपालको पर्यटन उद्योग फेरि उठ्नै पर्छ र नयाँ ऊर्जाका साथ विश्वसामु चम्किनै पर्छ । पर्यटन उद्योग र व्यवसायलाई नयाँ ऊर्जाका साथ पुनर्जीवन दिनु, अर्थतन्त्रलाई गतिशील बनाउनु र सम्पूर्ण देशवासीमा आत्मविश्वास जगाउनु आजको मुख्य आवश्यकता हो ।

**हिजोको गौरव, आजको चुनौती र भोलिको स्वर्णिम सम्भावना**

हिजोका दिनमा नेपाल केवल एक पर्यटकीय गन्तव्य मात्र थिएन; यो विश्वभरका पर्यटकहरूका लागि आत्मिक शान्ति, सगरमाथाको साहसिक पदयात्रा, लाङटाङको मनमोहक उपत्यका, अन्नपूर्णको अद्वितीय पदमार्ग र नुवाकोटका ऐतिहासिक धरोहरहरूको साक्षात पाठशाला थियो । हाम्रा कला, मौलिक संस्कृति र 'अतिथि देवो भवः' को संस्कारले विश्वलाई मोहित बनाएको थियो । आज अविरल वर्षा र पहिरोले हाम्रा पैदलमार्गहरू क्षति पुऱ्याएका छन् ।

सडक सञ्जालहरू विच्छेद हुँदा पर्यटकीय आवागमन ठप्प प्रायः बनेको छ । यसले पदयात्राका गाइड, भरिया, यातायात चालक, साना पर्यटन व्यवसायी, चियापसल सञ्चालक र स्थानीय होमस्टे व्यवसायीहरूको रोजीरोटीमा प्रत्यक्ष धक्का पुऱ्याएको छ । विपत्तिले ल्याएको यो विनाशलाई हामीले एक ठूलो अवसरमा बदल्नु छ । आधुनिक, जलवायु-अनुकूल पूर्वाधार निर्माण गरेर, अन्तर्राष्ट्रिय जगत्मा हराएको आत्मविश्वास पुनः फर्काउँदै नेपाललाई विश्वकै सुरक्षित, व्यवस्थित र जीवन्त पर्यटकीय स्वर्गका रूपमा पुनः स्थापित गर्नु आजको मुख्य कार्यदिशा हो ।

**पर्यटन नै नेपालको मुख्य आर्थिक आधार**

वैदेशिक मुद्रा र कूल गार्हस्थ उत्पादन (जिडिपी) को मुख्य स्रोतः नेपालसँग विशाल खनिज वा ठूला औद्योगिक कारखानाहरू छैनन्, हाम्रो सबैभन्दा ठूलो र दिगो सम्पत्ति नै हाम्रा हिमाल, हरियाली, जैविक विविधता र मौलिक संस्कृति हुन् । देशमा पर्यटकीय गतिविधि बढाउनु नै देशको जिडिपी वृद्धि गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता दिने मुख्य आधार हो ।

समावेशी रोजगार र स्थानीय अर्थतन्त्रको विकासः सहरका सुविधासम्पन्न होटलदेखि गाउँका साना चियापसलसम्म, हिमाली भेगका कठोर परिश्रम गर्ने भरियादेखि सांस्कृतिक कलाकारहरूसम्म– पर्यटनले बिना भेदभाव हरेक नेपालीको घरमा चुलो बाल्न र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न मद्दत पुऱ्याउँछ । सभ्यता, संस्कृतिर मौलिकताको प्रवर्द्धनः पर्यटन केवल व्यापार मात्र होइन, यो हाम्रो कला, पञ्चेबाजा, लोक दोहोरी, हस्तकला, चिया पर्यटन र मौलिक नेपाली आतिथ्य परम्परालाई विश्वभरका मानिसहरूको मनमा पुऱ्याउने सबैभन्दा सशक्त माध्यम हो ।

**सङ्कट समाधानका ठोस र व्यावहारिक कदमहरू**

- **द्रुत खोजी, उद्धार र मानवीय प्राथमिकताः** यतिबेला जोखिममा परेका पर्यटक, गाइड, भरिया, चालक तथा स्थानीयवासीको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै उनीहरूका लागि सुरक्षित आश्रय, खाद्यान्न, प्राथमिक उपचार र मनोवैज्ञानिक ढाडसको जरुरत पर्दछ ।
- **सडक मर्मत र वैकल्पिक पहुँचको सुनिश्चितताः** नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटक आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू सुरक्षित छन् भन्ने सकारात्मक सन्देश समयमै अन्तर्राष्ट्रिय जगत्मा पुऱ्याउनुपर्ने हुन्छ । मुग्लिन-काठमाडौँ (कृष्णभीर) र रसुवागढी-नुवाकोट मार्गको क्षतिलाई प्राथमिकताका साथ प्राविधिक अध्ययन गरी अल्पकालीन र दीर्घकालीन रूपमा सञ्चालनयोग्य बनाउनुपर्छ । मुख्य राजमार्ग अवरुद्ध हुँदा पर्यटकीय आवागमनलाई निरन्तरता दिन हवाई मार्ग तथा वैकल्पिक सडकहरूको सहज र सर्वसुलभ प्रयोग सुनिश्चित गराउन सक्नुपर्छ ।
- **सत्यतथ्य सूचना सम्प्रेषणः** विपद्को समयमा पारदर्शी सूचना सम्प्रेषण र सकारात्मक सन्देशको महत्व निकै रहन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य र पारदर्शी सूचना प्रवाह गर्नुपर्छ । नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटकीय आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू पूर्ण रूपमा सुरक्षित छन् भन्ने सकारात्मक सन्देश विश्वसामु पुऱ्याउनुपर्ने हुन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य, अद्यावधिक र पारदर्शी ढङ्गबाट सूचना प्रवाह गर्ने संयन्त्र हुन आवश्यक छ ।
- **पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनः** पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनको विकासमा ध्यान दिनुपर्ने देखिन्छ । भविष्यमा कृष्णभीर वा अन्य संवेदनशील भौगोलिक क्षेत्रमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि जलवायु-अनुकूल पूर्वाधार निर्माणमा जोड दिँदै पदयात्रा तथा साहसिक भ्रमण सञ्चालन गर्दा मौसमको पूर्वसूचना प्रणालीलाई अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन सकिएमा जस्तोसुकै विपद्मा पनि मानवीय तथा भौतिक क्षतिलाई रोक्न सकिन्छ ।
- **प्रभावित व्यवसायी र श्रमिकका लागि राहत प्याकेजः** विपत्तिका कारण रोजगारी र व्यवसाय प्रभावित भएका पथप्रदर्शक, भरिया, चालक, साना पर्यटन व्यवसायी र श्रमिकहरूलाई लक्षित गरी अल्पकालीन सहायता, कर छुट र पुनरुत्थान योजना राज्य र निजी क्षेत्रको सहकार्यमा लागू गराउन सरकारबाट पहल हुन आवश्यक छ ।

**अन्तर्राष्ट्रिय कूटनीतिक नियोगहरूसमक्ष आह्वान**

नेपालको पर्यटन पूर्ण रूपमा सुरक्षित छ र देश विश्वभरका पर्यटकहरूलाई स्वागत गर्न आतुर छ भन्ने सन्देश अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन सरकारको तर्फबाट छिटै ऐतिहासिक कूटनीतिक सम्मेलन आयोजना गरिनु सान्दर्भिक देखिन्छ । त्यस कार्यक्रममार्फत नेपालस्थित विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख, महावाणिज्यदूत, अन्तर्राष्ट्रिय विकास साझेदारहरू, नाट्टा, टानलगायतका अग्रणी पर्यटन व्यवसायी सङ्घ-संस्थाहरूलाई एकै ठाउँमा आमन्त्रित गरी राज्यका शीर्ष नेतृत्व तहबाट विश्वव्यापी रूपमा आधिकारिक संयुक्त घोषणा गर्दा त्यसले विश्व समुदायमा नेपालको छविलाई अझ उजिल्याउन मद्दत पुग्दछ ।

यसबाट हालैको अविरल वर्षा र बाढी-पहिरोले देशका केही सडक पूर्वाधार र सञ्जालमा क्षणिक चुनौती खडा गरे तापनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यहरू पूर्ण रूपमा सुरक्षित, जीवन्त र सुचारु रहेका छन् भन्ने सन्देश जानेछ । बाढी र पहिरो प्रभावित क्षेत्रहरूमा द्रुत उद्धार, राहत र पूर्वाधार पुनरुत्थानको काम तीव्रताका साथ अगाडि बढाइसकिएको छ । पर्यटन नै नेपालको जीडीपी र समावेशी अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले राज्यले यस क्षेत्रको पुनर्निर्माणलाई सर्वोच्च प्राथमिकतामा राखेको भन्दै पुनर्निर्माणमा सहयोगका लागि आह्वान गर्न सकिन्छ । यो विदेशी नागरिक तथा विश्वभरका पर्यटकहरूलाई निर्धक्क भएर नेपाल भ्रमणमा आउन र यहाँका हिमाल, संस्कृति र आतिथ्यको अद्वितीय अनुभव लिन हार्दिक आह्वान गर्ने महत्वपूर्ण अवसर पनि हुनेछ ।

**पुनरुत्थानको साझा सङ्कल्प**

रात जतिसुकै कालो र लामो भए पनि बिहानीको सूर्य उदाउन कसैले रोक्न सक्दैन । नुवाकोटका डाँडाकाँडा, रसुवाका हिमाल र कृष्णभीरका पहिराहरूले हामीलाई केही समयका लागि रोक्न खोजे पनि नेपालीहरूको पुनरुत्थानको चेतना, हिम्मत, भरियाहरूको समर्पण र आतिथ्यको भावनालाई कहिल्यै ढाल्न सक्दैनन् । पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन राज्य र निजी क्षेत्रको सहकार्यमा विशेष आर्थिक र नीतिगत सहजीकरण गराउन सकिन्छ ।

प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन । यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ । सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध सङ्घ-संस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तर्राष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो । एकीकृत उद्धार, द्रुत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरि अझ सुरक्षित, व्यवस्थित र समुन्नत रूपमा टाउको उठाएर उभिनेछ । (लेखक पर्यटन व्यवसायी हुनुहुन्छ)

## भान्सामा व्यस्त महिलाले बाढी आएको पत्तै पाएनन्

काठमाडौँ, १७ भदौ (रासस) ।

गत भदौ १० गते बुधबार बिहान छोराछोरीलाई स्कुल पठाउने चटारो थियो महिलालाई ।

"भान्सामा खाना पकाउनै व्यस्त थिए, उनीहरू । भोटेकोशी बाढी उर्लिएर आएको मेसै पाएनछन् । अन्ततः उनीहरू घरभित्रैबाट बिलाए ।"

भोटेकोशी बाढीपीडित अवलोकनमा पुगेका महिला पुनर्स्थापना केन्द्र (ओरेक)का कार्यक्रम संयोजक सुलोचना खनालले राससलाई बताउनुभयो । उहाँले भन्नुभयो, "कतिले त फोन उठाउन नै पनि पाएनछन् ।"

मङ्गबार बाढीपीडित क्षेत्रमा पुगेका महिलावादी संस्थाले नुवकोट, त्रिशूली, बेत्रावतीलगायतका स्थानमा पुगी होल्डिङ सेन्टरमा रहेका महिला र किशोरकिशोरीलाई आन्तरिक पहिरनका सामग्री उपलब्ध गराएका छन् ।

यतिखेर महिला पुनर्स्थापना केन्द्र (ओरेक)मात्र होइन, तरङ्गिनी फाउन्डेसन, लुम नेपाललगायतका संस्था पनि त्यहाँ पुगेका छन् ।

ओरेकका कार्यक्रम संयोजक सुलोचन खनालले बाढी पीडितका क्षेत्रमा महिला, बालबालिका र सुत्केरीको स्थिति जटिल रहेको बताउनुभयो ।

संयुक्त राष्ट्र महिला (युएन युमेन)ले सार्वजनिक गरेको विज्ञप्तिअनुसार लगभग एक लाख ६० हजार महिला र बालबालिकालाई भोटेकोशी बाढीले प्रभावित गरेको उल्लेख छ ।

देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोटबाट प्राप्त विवरणअनुसार आश्रममा रहेका ३४ ज्येष्ठ नागरिकमध्ये २४ जनाको उद्धार गरिएको छ ।

हालसम्म पाँच जना बेपत्ता रहेको, एक जनाको मृत्यु भएको, घाइते स्वास्थ्य समस्या भएका ज्येष्ठ नागरिकको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

त्यसैगरी, सात जनालाई आफन्तको जिम्मामा पठाइएको छ । १४ जना उद्धार गरिएका ज्येष्ठ नागरिकलाई नुवाकोटको आयुर्वेद भवनमा राखिएको छ । नुवाकोटमा अलपत्र परेका करिब ४० विद्यार्थीको उद्धारका लागि सम्बन्धित निकायसँग समन्वय गरिएको छ ।

अभिभावकबाट अलग भएका केटाकेटीको सुरक्षित संरक्षण, हेरचाह तथा उचित व्यवस्थापन गरिँदै आएको महिलामन्त्री सिता बादीले बताउनुभयो ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# भोटेकोशी बाढीः शव व्यवस्थापन अन्तिम संस्कार होइन

चितवन, १७ भदौ (रासस) ।

रसुवाको भोटेकोशीमा यही भदौ १० गते आएको अकल्पनीय बाढीले त्रिशूली र नारायणी नदी हुँदै चितवनमा भेटिएका शवमध्ये ३३५ वटा शवको व्यवस्थापन गरिएको छ । तीमध्ये १२९ वटा लिङ्ग पहिचान नभएको जनाइएको छ । सनाखत हुन नसकेका ती शवलाई भरतपुर महानगरपालिका-१ देवघाट जङ्गलमा मङ्गलबार रातिसम्म व्यवस्थापन गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार हालसम्म भेटिएका ३४८ शवमध्ये ३३५ वटाको व्यवस्थापन गरिएको छ भने १२ वटाको सनाखत भएको छ । एउटाको व्यवस्थापन गर्न बाँकी छ । जिल्लामा शव व्यवस्थापन गर्न कठिन भएपछि डिएनए सङ्कलन गरेर शनिबारदेखि जङ्गलमा लगेर खाडलमुनि शव राख्न थालिएको हो ।

प्रहरीले शनिबार ९६ शवको व्यवस्थापन गरेको थियो । आइतबार १०३, सोमबार ८१ र मङ्गलबार ५५ शव व्यवस्थापन गरेको हो । जमिनमुनि व्यवस्थापन गरिएकामध्ये सबैभन्दा बढी लिङ्ग पहिचान नभएका १२९ वटा शव छन् । त्यस्तै पुरुष १०७, महिला ७३, बालिका १५ र बालक ११ जना रहेको प्रहरीले जानकारी दिएको छ ।

शवहरूको डिएनए नमूना सुरक्षित राख्दै जङ्गलमा व्यवस्थापन गरिएको प्रमुख प्रहरी उपरीक्षक पौडेलले बताउनुभयो । सनाखत भएका शव परीक्षणपछि परिवारले बुझेर लगेका छन् । नदी किनारमा शव फेला पर्ने क्रम जारी छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई संयुक्त रूपमा खोजी तथा व्यवस्थापनमा परिचालन गरिएको छ ।

**शव पहिचानका लागि डिएनए नमूना सङ्कलन सुरु**

भोटेकोशी नदीमा आएको बाढीपछि फेला परेका शवको पहिचानका लागि चितवनमा डिएनए परीक्षणका लागि आफन्तको नमूना सङ्कलन सुरु गरिएको छ । जिल्ला प्रहरी कार्यालयले बागमती प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भक्तपुर सेवा इकाइ र जनस्वास्थ्य कार्यालयको सहयोगमा भरतपुर महानगरपालिका-१० स्थित चितवन उद्योग सङ्घको परिसरमा मङ्गलबारदेखि डिएनए नमूना सङ्कलन सुरु गरेको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चन्द्रभूषण यादवले बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म नमूना सङ्कलन भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार शवसँग पहिलो तहको नाता पर्ने आफन्त अर्थात् बुबा, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाको रगतको नमूना डिएनए परीक्षणका लागि सङ्कलन गरिनेछ । उहाँले डिएनए नमूना दिन आउने व्यक्तिलाई आफ्नो पहिचान खुल्ने आधिकारिक कागजात र दुईप्रति पासपोर्ट आकारका फोटो साथमा ल्याउन अनुरोध गर्नुभयो ।

डिएनए नमूना सङ्कलन र परीक्षणको प्राविधिक प्रक्रियाबारे जानकारी दिँदै नेपाल प्रहरी विधि विज्ञान प्रयोगशालाका प्रहरी निरीक्षक सन्देशकुमार पोखरेलले हराइरहेका व्यक्तिको पहिचानका लागि शवबाट मुख्य रूपमा दाँत र हड्डीका नमूना सङ्कलन गरिएको बताउनुभयो । ती नमूनाबाट डिएनए प्रोफाइल तयार गरिन्छ र त्यसलाई आफन्तबाट सङ्कलन गरिएको डिएनएसँग म्याचिङ गरी पहिचान गरिन्छ ।

उहाँले भन्नुभयो, “पहिलो प्राथमिकतामा बुबाआमा वा छोराछोरीको डिएनए नमूना आवश्यक पर्छ । यदि पहिलो तहका आफन्त उपलब्ध नभए दाजुभाइ वा दिदीबहिनीको नमूना प्रयोग गरेर पनि परीक्षण गर्न सकिन्छ।”

नेपालको प्रयोगशालाको क्षमताका साथै वैदेशिक सहयोगसमेत परिचालन गरेर कम्तीमा १२ हप्ता अर्थात् तीन महिनाभित्र सबै नमूनाको परीक्षण र डिएनए म्याचिङ सम्पन्न गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो ।

प्रहरीका अनुसार चितवन बाहिर रहेका आफन्तले पनि आफू बसेको जिल्लाको जिल्ला प्रहरी कार्यालयमा पुगेर डिएनए नमूना दिन सक्ने व्यवस्था गरिएको छ । विदेशमा रहेका आफन्तका लागि पनि डिएनए नमूना उपलब्ध गराउने व्यवस्था मिलाइएको प्रहरीले जनाएको छ । हराइरहेका व्यक्तिका विदेशमा रहेका पहिलो तहका आफन्तले सम्बन्धित देशस्थित नेपाली दूतावास वा कूटनीतिक नियोगमार्फत अथवा नेपाल प्रहरीको आधिकारिक वेबसाइटमार्फत आफ्नो डिएनए प्रोफाइलको ‘सफ्ट कपी’ पठाई परीक्षण प्रक्रियामा सहभागी हुन सक्नेछन् ।

**अस्थायी शव भण्डारणस्थलमा दीप प्रज्ज्वलन**

शवहरूको व्यवस्थापन गरिएको भरतपुर-१ देवघाटस्थित जङ्गलमा मङ्गलबार साँझ दीप प्रज्ज्वलन गरी श्रद्धाञ्जली अर्पण गरिएको छ । जिल्ला समन्वय समितिका प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, अस्पतालका प्रमुख तथा सर्वसाधारणको सहभागिता रहेको थियो । विभिन्न समुदायका नागरिकले पनि दीप प्रज्ज्वलन गरी हालसम्म यहाँ व्यवस्थापन गरिएका ३३८ मृतकप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए ।

रामजानकी बालिका आश्रम देवघाटका कन्याहरूले गीता पाठ गरी दिवङ्गत आत्माप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए । त्यसैगरी विभिन्न धार्मिक समुदायका प्रतिनिधिले पनि कार्यक्रममा सहभागी भई श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारी, प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले दीप प्रज्ज्वलन गर्दै दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुभयो । यस स्थान ‘अन्तिम संस्कार’ नभई पहिचान नहुन्जेलका लागि अपनाइएको ‘अस्थायी व्यवस्थापन’ मात्र भएको स्पष्ट पारिएको थियो । यो क्षेत्र १२ वर्षसम्म अस्थायी शवस्थलका रूपमा रहने जनाइएको छ ।

# बाढी प्रभावित सबै क्षेत्रमा नेपाल टेलिकमको सेवा पुनःसञ्चालनमा

काठमाडौँ, १७ भदौ (रासस) ।

नेपाल टेलिकमले बाढी प्रभावित जिल्लामा मोबाइल बिटिएस साइट सञ्चालन गरी प्रभावित सबै स्थानमा पूर्ण रूपमा नेटवर्क पहुँच कायम गरेको छ ।

यही गत भदौ १० गते आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा नेपाल टेलिकमका टावरबाट प्रदान गरिएको मोबाइल तथा इन्टरनेट सेवा अवरुद्ध भएको थियो । नेपाल टेलिकमका प्राविधिकहरू निरन्तर रूपमा वाढी प्रभावित क्षेत्र तथा विपद् प्रतिकार्य कक्षमार्फत सेवा पुनःसञ्चालन कार्यमा खटिएपश्चात् साइटहरू पुनःसञ्चालनमा आएको प्रवक्ता डा कमल लामिछानेले जानकारी दिनुभयो ।

सो कार्यका लागि बाढीले सडक तथा विद्युत् अवरुद्ध भएका स्थानमा सुरक्षा निकायको समन्वयमा हेलिकप्टरमार्फत प्राविधकसहित सामान, उपकरण, जेनेरेटर तथा इन्धन ढुवानी गराइ सेवा पुनःसञ्चालन गरिएको थियो । यही भदौ १७ गते नेपाल-चीन सिमाना नजिक रहेको कम्पनीको रसुवा बोर्डर मोबाइल साइट सञ्चालनमा आएसँगै बाढी प्रभावित क्षेत्रमा सञ्चालित राहत र उद्धार कार्य सञ्चालन भएका सबै स्थानमा सञ्चार सेवाको पहुँच पुगेको थियो ।

बाढीका कारण नेपाल टेलिकमका रसुवा, नुवाकोट र धादिङ जिल्लाका १२० साइटमार्फत सञ्चालित सेवामध्ये ८३ साइटमार्फत सञ्चालित सेवा अवरुद्ध भएका थिए भने तीन वटा साइटहरू टिमुरे, चिलिमे खोला र त्रिशूली ३‘बी’ साइट पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए ।

नेपाल टेलिकमले यही भदौ १६ मा बाढीबाट प्रभावित धादिङको कल्लेरी र नुवाकोटको भद्रटार थाप्रेक, पुसनटार, तारुका, किस्पाङ (भाल्चे) र बुधसिंह साइट सञ्चालन गरेसँगै नेपाल टेलिकमका सबै साइटहरू सञ्चालन भएका छन् तथा पूर्ण रूपमा क्षतिग्रस्त भएका साइटबाट उपलब्ध सेवा हाल अन्य साइटबाट उपलब्ध गराइएका छन् । मोबाइल सेवाको थप प्रभावकारिताका लागि उक्त क्षतिग्रस्त साइटलाई प्राथमिकतामा राखी पुनःनिर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

भदौ १० गते बाढी आएको जानकारी प्राप्त भएलगत्तै नेपाल टेलिकमका प्राविधिक साइट सञ्चालनका लागि निरन्तर रूपमा खटिएका छन् । भदौ ११ गते रसुवा जिल्लाका न्यौपानेचौर तथा राम्चे रिपिटर साइटमा हेलिकप्टरबाट जेनेरेटर, इन्धन तथा ब्याट्रीलगायत उपकरण पठाइ सेवा सञ्चालन गरिएको थियो । रसुवा जिल्ला सदरमुकाम धुन्चेमा सेवा सञ्चालनका लागि जेनेरेटर, इन्धन तथा कर्मचारी परिचालन गरिएको थियो ।

यसैगरी, भदौ १२ गते रसुवाको गोलजुङ टावर ( बाहुनडाँडा), नुवाकोटको गेर्खु, तुप्चे तथा टिमुरे माथिको डाँडामा अवस्थित टावरमा हेलिकप्टरबाट जेनेरेटर, पेट्रोल तथा प्राविधिक खटाई सेवा सञ्चालन गरिएको थियो । नुवाकोट जिल्लाअन्तर्गतको मदनपुर, बट्टार, विदुर बसपार्क तथा धादिङ जिल्लाअन्तर्गत बैरेनी ठमेल डाँडामा जेनेरेटर, इन्धनसहित कर्मचारी परिचालन गरी सेवा सञ्चालन गरिएको थियो ।

भदौ १३ गते रसुवाको त्रिशूली ३‘ए’ सँगै रहेको टावर, रसुवाकै उत्तरगया गाउँपालिकाको कालिकास्थानमा रहेको टावर तथा नुवाकोट जिल्लाको बुङ्ताङमा रहेको टावरसमेत सञ्चालनमा ल्याइएको थियो । यीबाहेक कटुन्जे, सामरी भञ्ज्याङ र बेतिनीका टावरसमेत सञ्चालन भएका थिए । यससँगै प्रभावित १२० साइटमध्ये ९३ साइट सञ्चालनमा आएका थिए ।

भदौ १४ गते थप सात स्थानमा सेवा सञ्चालन गरियो, जसमा रसुवा जिल्लाअन्तर्गत नेपाल-चीन सिमानामा रहेको रसुवा बोर्डर साइटलगायत अपर सेन्जेन, छापथोके, जिबजिबे माइक्रो र गत्लाङ साइटहरू रहेका थिए । त्यसैगरी, नुवाकोटको चारघरे तथा चारघरे मूलाबारी साइट रहेका थिए । रसुवा बोर्डर बिटिएस साइटमार्फत नेपाल-चीन नाका, टिमुरे, रसुवा बोर्डर करिडोर र स्याफ्रुबेँसीदेखि भोटेकोशी करिडोरसम्म सेवा पुनःसञ्चालनमा आएका थिए । यससँगै बाढी प्रभावित क्षेत्रका अधिकांश मोबाइल बिटिएस साइटहरू सञ्चालनमा ल्याइएका थिए ।

भदौ १५ गते रसुवाको जिबजिबे र सरमथली तथा धादिङको बेनीघाट र नुवाकोटको त्रिशूली बजार साइट सञ्चालन गरिएको थियो ।

प्रभावित क्षेत्रका मुख्य प्राथमिकता प्राप्त साइटहरू अनवरत रूपमा सञ्चालनमा ल्याउनका लागि जेनेरेटर, इन्धन तथा कर्मचारी परिचालन गरिएको थियो तथा हालसम्म पनि विद्युत् आपूर्ति नियमित नभएका साइटहरू जेनेरेटरमार्फत सञ्चालनमा रहेका छन् ।

कतिपय स्थानका साइटहरू विद्युत सेवा आपूर्तिको सहजतासँगै स्वतः सञ्चालनमा आएका छन् र फोरजी सेवाको प्रभावकारितासमेत वृद्धि हुँदै गएको छ ।

## विश्व समाचार

### गाजामा वर्षाको मौसम नजिकिँदै जाँदा थप रोगको जोखिम बढ्ने डब्ल्यूएचओको चेतावनी

जेनेभा, १७ भदौ (रासस/क्यूएनए) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले गाजा पट्टीमा नजिकिदै गरेको वर्षाको मौसमसँगै रोग उत्पन्न हुने चिन्ता व्यक्त गर्दै यसले स्वास्थ्य जोखिम बढाउन सक्ने चेतावनी दिएको छ । सङ्गठनले गाजाका अधिकांश मानिसहरू अत्यन्त कठिन परिस्थितिमा बाँचिरहेको उल्लेख गर्दै वर्षाको मौसममा झनै जोखिम बढ्न सक्ने जनाएको हो ।

कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रहरूका लागि डब्ल्यूएचओका प्रतिनिधि रेन्हिल्डे भ्यान डे वेड्र्टले अझै पनि उनीहरूलाई आवश्यक पर्ने न्यूनतम मात्रामा पानी उपलब्ध गराउन डब्ल्यूएचओ असमर्थ रहेको उल्लेख गर्दै पानीको गुणस्तर र प्रदूषण गाजामा प्रमुख विषय भएको जनाएका छन् ।

उहाँले यो अवधिमा झाडापखालाको सङ्क्रमणमा उल्लेखनीय वृद्धि भएको जनाउँदै मार्चमा २७ हजार वटा सङ्क्रमणका घटनाहरु दुई गुणाले बढेर गत अगस्तमा ४८ हजार भन्दा बढी पुगेको बताउनुभएको छ ।

वर्षाको मौसम र जाडो नजिकिँदै जाँदा गाजाको अधिकांश जनसङ्ख्या अत्यन्त भीडभाड भएको शिविर र अस्थायी टहराहरुमा बस्ने गरेको भ्यान डे वेर्डले बताउनुभएको छ ।

वर्षाले भीडभाडयुक्त शिविरहरूमा बाढी ल्याउने र बासिन्दाहरू सुत्ने ठाउँहरूमा ढल, फोहोर र दूषित पानी फैलाउने, पानीजन्य रोगहरूको जोखिम बढाउने भविष्यवाणी गर्दै उहाँले आश्रयस्थलमा फोहोर धेरै जम्मा भएको बताउनुभएको छ ।

गाजाको जीर्ण स्वास्थ्य प्रणालीले रोग प्रकोपको सामना गर्न असमर्थ रहेको कुरामा जोड दिँदै भ्यान डे वेड्र्टले आगामी वर्षाको मौसममा गाजा पट्टीमा किरा, लामखुट्टे र ब्याक्टेरियाहरू फैलिने भविष्यवाणी गर्नुभएको छ ।

उहाँले रोगको नियन्त्रण गर्न द्रुत रूपमा प्रयोगशालाहरूको आवश्यकता पूरा गर्नुका साथै मात्रा र गुणस्तर दुवैको सन्दर्भमा थप स्थायी आश्रय, दिगो पानी आपूर्ति र फोहोर व्यवस्थापन प्रणालीको तत्काल आवश्यकता रहेको विषयमा जोड दिनु भएको छ ।

इजरायली कब्जाले गाजामा आवश्यक प्रयोगशाला र निदान आपूर्तिको प्रवेशमा प्रतिबन्ध लगाएको छ, जसमा परीक्षणका लागि आवश्यक उपकरणहरु समावेश रहेको अधिकारीहरुले बताएका छन् ।

डब्ल्यूएचओले गाजामा माइक्रोबायोलोजिकल प्रदूषण जनवरी र अगस्टको बीचमा तीन गुणा बढेर छ हजार ७०० भन्दा बढी पुगेको पानीको नमूनाहरूको विश्लेषणले देखाएको छ भने जनवरीमा प्रदूषण ६% बाट बढेर अगस्टमा १८% भन्दा बढी पुगेको छ ।

यसले इजरायली कब्जालाई पट्टीमा व्यापक रूपमा र कुनै बाधाबिना औषधि र आवश्यक आपूर्तिको प्रवेशलाई छिटो गर्न आह्वान गरेको छ ।

### पाकिस्तानको लागुऔषध सञ्जालमाथि संयुक्त कारबाही

कोलम्बो, १७ भदौ (रासस/एएफपी) ।

संयुक्त राज्य अमेरिका र श्रीलङ्काका लागुऔषध नियन्त्रण निकायले पाकिस्तानबाट सञ्चालित भनिएको अन्तर्राष्ट्रिय लागुऔषध सञ्जालमाथि संयुक्त कारबाही गरी करिब ४६३ किलो क्रिस्टल मेथाम्फेटामाइन बरामद गरेका छन् । प्रहरीले बुधबार जनाएअनुसार घटनामा दुई पाकिस्तानी नागरिकसहित तीन जना पक्राउ परेका छन् ।

सप्ताहन्तमा कोलम्बो आइपुगेको ढुवानी कन्टेनरबाट बरामद उक्त लागुऔषधको मूल्य करिब दुई करोड १० लाख अमेरिकी डलर रहेको कोलम्बोस्थित अमेरिकी दूतावासले जनाएको छ । नुहाउने तौलियाभित्र लुकाएर ल्याइएको लागुऔषध श्रीलङ्का हुँदै अन्तर्राष्ट्रिय बजारमा तस्करी गर्ने तयारी गरिएको बताइएको छ ।

अमेरिकी औषधि प्रवर्तन प्रशासन (डीईए) र श्रीलङ्का प्रहरीको नार्कोटिक्स ब्युरोले अगस्ट १४ देखि २९ सम्म पाकिस्तानबाट पठाइएका कन्टेनर निगरानीमा राखेर संयुक्त कारबाही गरेको दूतावासले जनाएको छ । प्रहरी उपमहानिरीक्षक अशोक धर्मसेनाले गोप्य सूचनाका आधारमा कारबाही गरिएको र घटनामा एक श्रीलङ्काली नागरिक पनि पक्राउ परेको बताउनुभएको छ ।

उहाँका अनुसार गत अक्टोबरयता श्रीलङ्कामा लागुऔषधविरुद्धको अभियानका क्रममा करिब १४ टन अवैध लागुऔषध बरामद भइसकेको छ । सार्वजनिक सुरक्षामन्त्री आनन्द विजेपालाले अधिकांश अवैध लागुऔषध अफगानिस्तान र पाकिस्तानबाट समुद्री मार्ग हुँदै श्रीलङ्का भित्रिने गरेको बताउनुभएको छ ।

करिब दुई करोड २० लाख जनसङ्ख्या रहेको श्रीलङ्कामा अनुमानित चार लाख लागुऔषध प्रयोगकर्ता रहेको मन्त्री विजेपालाले संसद्लाई जानकारी दिनुभएको छ । सन् २०२४ को अक्टोबरमा अदालतले हेरोइन तस्करीमा संलग्न १० जना इरानी नागरिकलाई आजीवन कारावासको सजाय सुनाएको थियो । यस्तै, सन् २०१६ को डिसेम्बरमा भारततर्फ पठाउन लागिएको काठको कन्टेनरबाट ८०० किलो कोकेन बरामद भएको थियो ।

# मुक्त हरवा चरवा संघर्ष समितिद्वारा धर्ना स्थगन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १७ भदौ ।** मधेस प्रदेश सरकारको कार्यसम्पादन तथा कार्यविभाजनसम्बन्धी नियमावली परिमार्जन गर्ने प्रक्रिया अघि बढाइने भएको छ ।

मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेल र विभिन्न मागसहित मुख्यमन्त्री कार्यालय अगाडि धर्ना बस्दै आएका मुक्त हरवा चरवा सङ्घर्ष समितिका प्रतिनिधिबीच मङ्गलबार सम्पन्न वार्तामा कार्यविभाजनसम्बन्धी नियमावली परिमार्जनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सहमति भएको हो ।

वार्तामा प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसम्पादनलाई थप व्यवस्थित, प्रभावकारी र समयानुकूल बनाउन विद्यमान नियमावलीमा आवश्यक संशोधन तथा परिमार्जन गर्न आवश्यक प्रक्रिया पूरा गरी प्रस्तावलाई अगाडि बढाउने सहमति भएको मुक्त हरवा चरवा सङ्घर्ष समितिका सदस्य बलराम भट्टराईले जानकारी दिए ।

त्यसैगरी, हरवा चरवाको लगत सङ्कलन, प्रमाणीकरण तथा पाठ्यक्रम/निर्देशिका सम्बन्धी व्यवस्थालाई आवश्यकतानुसार परिमार्जन गर्ने विषयमा पनि निर्णय भएको छ । विद्यमान व्यवस्था कार्यान्वयनका क्रममा देखिएका आवश्यकता र समस्यालाई सम्बोधन गर्न सम्बन्धित निर्देशिकामा आवश्यक संशोधन तथा परिमार्जन गरिने सहमति भएको उनले बताए ।

यसका लागि आवश्यक अध्ययन गरी निर्देशिका परिमार्जनको काम अघि बढाउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत अविनाशकुमार झाको संयोजकत्वमा सम्बन्धित मन्त्रालय तथा सरोकारवाला निकायका प्रतिनिधि सम्मिलित समिति गठन गर्ने निर्णय गरिएको छ । समितिले विद्यमान व्यवस्था अध्ययन गरी आवश्यक संशोधनका विषयमा सुझाव तथा प्रस्ताव तयार गर्नेछ ।

बैठकले अर्को निर्देशिका परिमार्जनसम्बन्धी प्रस्तावको विषयमा अध्ययन, समीक्षा तथा आवश्यक सुधारका लागि समिति गठन गरी परिमार्जनको प्रक्रिया अगाडि बढाइने दुवै पक्षबीच सहमति भएको उहाँले जानकारी दिए । सहमति भएसँगै भदौ १० गतेदेखि मुक्त हरवा चरवा सङ्घर्ष समितिले जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि जारी राखेको धर्ना स्थगित गरिएको सदस्य भट्टराईले बताए ।

# बाढी प्रभावित क्षेत्रका विद्यालय अनिश्चितकालीन बन्द

त्रिशूली (नुवाकोट), १७भदौ (रासस) । भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीका कारण प्रभावित बनेका नुवाकोटका विद्यालयहरू अनिश्चित समयका लागि बन्द गरिएका छन् । बाढीले प्रभावित भएको विदुर नगरपालिकासहित किस्पाङ गाउँपालिकाभित्रका सबै विद्यालय बन्द रहेको छ भने बेलकोटगढी र तारकेश्वरले प्रभावित क्षेत्रका शैक्षिक संस्था सञ्चालन अनिश्चित भएको जनाएको छ • ।

बाढीका कारण विद्यार्थी, शिक्षक र अभिभावक हराइरहेका, विद्यालयको संरचना, सडक र पुलमा पुगेको क्षतिले आवतजावत गर्न कठिन रहेकाले तत्कालै विद्यालय सञ्चालनको तयारी नभएको विदुरका नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक जनजीवन केही सरल र नदी वारपार गर्नसक्ने भएपछि मात्रै विद्यालय सञ्चालन हुनेछ ।

शिक्षा शाखा प्रमुख नवराज सापकोटाले यही भदौ १० गतेको बाढीले विदुरको विभिन्न विद्यालयमा अध्ययनरत ३९५ जना विद्यार्थी सहित नौ जना शिक्षक-कर्मचारी सम्पर्कविहीन भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार बाढी आउँदैछ भन्ने सूचना प्राप्त भए पनि त्यसको प्रभाव अकल्पनीय होला भन्ने अनुमान नहुँदा क्षतिको आकार ठूलो भएको छ । "केही विद्यालयले भने उच्च सतर्कता अपनाएसँगै ठूलो दुर्घटना हुनबाट जोगिएको छ", उहाँले भन्नुभयो, "अहिलेको अवस्था र दैनिक जनजीवन असामान्य छ । केही समयपछि वैकल्पिक माध्यमबाट अध्ययन गराउन योजना बनाउनेछौं ।"

त्रिशूली नदीमा आएको बाढीले सबैभन्दा बढी प्रभावित भएको विदुर नगरभित्र सञ्चालित ८३ मध्ये एक दर्जन विद्यालय प्रत्यक्ष प्रभावित भएका छन् । शिक्षा शाखाको तथ्याङ्कअनुसार चारवटा विद्यालयको भवन पूर्ण रूपमा क्षति पुगेको छ ।

शिक्षा विकास तथा समन्वय एकाइ नुवाकोटले तयार गरेको प्रारम्भिक तथ्याङ्कअनुसार त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय, रामचन्द्र आधारभूत विद्यालय, चेतना आवि र त्रिशूली सामुदायिक बोर्डिङ स्कूलको सम्पूर्ण संरचनामा क्षति पुगेकाले उक्त स्थानमा विद्यालय सञ्चालन गर्न नसक्ने अवस्था छ । त्यस्तै, उत्तरगया इङ्लिस बोर्डिङ स्कूलको तीनवटा ब्लक र छात्रावास भवन पूर्ण क्षति भएर एकवटा ब्लकमात्र बाँकी छ । चण्डेश्वरी माविको दृष्टिविहीन विद्यार्थी बसोबास गर्ने छात्राबास, शहीद जगतप्रकाशजङ्ग शाह संस्कृत मावि र पायोनियर इङ्लिस बोर्डिङको घेराबार आसपासमा क्षति पुगेकाले विद्यालय सञ्चालनमा कठिनाइ छ । रामचन्द्र आविको एक र उत्तरगया इङ्लिस बोर्डिङका दुईवटा बस बाढीले बगाएको छ ।

त्यस्तै, किस्पाङ गाउँपालिकामा विद्यालय भवनमा क्षति नपुगेको भए पनि बाढीका कारण विस्थापित भएकालाई राख्न दुई विद्यालयमा होल्डिङ सेन्टर बनाइएको छ भने बेलकोटगढीमा एक विद्यालयमा होल्डिङ सेन्टर सञ्चालन गरिएको छ । बेलकोटगढी-७ स्थित शिलादेवी मावि बाढीबाट प्रत्यक्ष र वडा नं ५ को महादेव मावि प्रभावित बनेको छ ।

# माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट ५५७ जना अझै सम्पर्कविहीन

काठमाडौं, १७ भदौ (रासस) । भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढीको कारण २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत अझै पनि ५५७ जना कर्मचारी तथा श्रमिकहरूले सम्पर्कविहीन भइरहेका छन् ।

माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालीले बुधबार प्रेस विज्ञप्ति जारी गरेर मुख्य सिभिल संरचना निर्माणको ठेक्का पाएको सहायक ठेकेदार कम्पनी पावर चाइनाका ३८५ जना सम्पर्कविहीन भएको जनाएको छ ।

हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल सहायक ठेकेदार एन्ड्रिज हाइड्रोका ९४ जना सम्पर्कविहीन रहेका छन् ।

नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालीका १५ जना, परामर्शदाता कम्पनी जेड कन्सल्टका सात जना, मुख्य निर्माण ठेकेदार डुसानका तर्फबाट ५६ जना जना अहिलेसम्म पनि सम्पर्कविहीन अवस्थामा रहेको बताइएको छ ।

कम्पनीका अनुसार सम्पर्कविहीन रहेकामध्ये करिब ११५ जना हेडवर्क्स क्षेत्र तथा मुख्य सुरुङभित्र फसेको आशङ्का गरिएको छ । कम्पनीका अनुसार माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनाबाट भने ८७६ जनाको उद्धार गरिएको छ ।

यो आयोजना रसुवा जिल्लाको आमाछोदिङ्मो गाउँपालिका-१, हाकु क्षेत्र तथा उत्तरगया गाउँपालिका-१ मा निर्माणाधीन अवस्थामा रहेको थियो । यो आयोजना २०८४ साउनभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

कम्पनीका अनुसार बाढीले आयोजनाको निर्माण सम्पन्न हुनलागेको बाँधलगायतका संरचना (हेडवर्क्स) र कार्यालय तथा आवास क्षेत्र पूर्णरूपमा बगाएको छ ।

बाढी आउनुअघि पूर्वसूचना जारी गरिएको भए पनि अत्यन्त छोटो समयमा ठूलो बाढी तथा लेदो आयोजनास्थलमा प्रवेश गरेका कारण निर्माणस्थल तथा कार्यालयमा कार्यरत अधिकांश कर्मचारी तथा श्रमिक सुरक्षित स्थानतर्फ जान नसकेको जनाएको छ । आयोजनामा त्योबेला एक हजार ४३३ जना जनशक्ति कार्यरत रहेका थिए ।

त्यसमध्ये प्रवर्द्धक कम्पनीको तर्फबाट २७ जना, परामर्शदाता ट्याक्टावेल तथा जेड कन्सल्टकातर्फबाट २० जना, मुख्य निर्माण ठेकेदार डुसानका तर्फबाट ७८, मुख्य सिभिल सहायक ठेकेदार पावर चाइनकातर्फबाट एक हजार ६९ जना र इलेक्ट्रोमेकानिकल सहायक ठेकेदार एन्ड्रिज हाइड्रोकोतर्फबाट २३९ जना आयोजनामा स्थलमा कार्यरत थिए ।

कम्पनीले विकट भौगोलिक अवस्था, बाढीबाट भएको व्यापक क्षति, सुरुङभित्रको जोखिम तथा थप पहिरोको सम्भावना, प्रतिकूल मौसमका कारण खोजी तथा उद्धार कार्य अत्यन्त चुनौतीपूर्ण बनेको जनाएको छ । कम्पनीले अझै पनि उद्धारका कार्यलाई निरन्तरता दिइरहेको बताइएको छ ।

### *भाइको प्रतीक्षामा ...*

उनका तीन वर्षीय छोरा दिवासकुमार राम बाढीपछि सम्पर्कविहीन हुनुहुन्छ ।

दुर्गानन्द राम करिब तीन वर्षअघि मोटरसाइकल ग्यारेजमा काम गर्न नुवाकोटको त्रिशूली बजारमा पत्नी र छोरासहित बस्दै आउनुभएको थियो । दुर्गानन्द राम सकुशल रहे पनि आमाछोरा अझै सम्पर्कविहीन हुनुहुन्छ ।

यता नुवाकोट, हाइड्रोपावरमा कामदारका रूपमा कार्यरत खडक नगरपालिका-५ रञ्जितपुरका २८ वर्षीय सन्तोष चौधरीको मृत्यु भएको पुष्टि भएको छ । उहाँको शव गण्डकी अस्पताल कास्की, पोखरामा पहिचान गरिएको सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "बेपत्ताको खोजीकार्य जारी छ । कुनै सूचना आए पीडितपरिवारलाई तत्काल जानकारी दिन्छौं ।"

बाढीका कारण बोदेबरसाइन नगरपालिका आसपासका झन्डै ४८ व्यक्ति अहिलेसम्म सम्पर्कमा आउन नसकेपछि उनीहरूको परिवार पीडामा छ । सुरुङ, टनेलमा फसेकाको तत्काल उद्धार गर्न पीडितपरिवारले सरकारसँग माग गरेका छन् ।

मधेस प्रदेश प्रहरी कार्यालयको मङ्गलबारको तथ्याङ्कअनुसार रसुवा बाढीमा १६४ जना अझै सम्पर्कविहीन छन् भने १९५ जना बेपत्ता भएकामा ३० जना सम्पर्कमा आइसकेका छन् । एक जनाको मृत्यु भएको पुष्टि भएको छ । सप्तरीका ४९ जनामध्ये एक जना सम्पर्कमा र एक जनाको मृत्यु भएको छ ।

रसुवा भोटेकोशी नदीमा आएर भएको बाढीले जनधनको क्षति र एक जनाको मृत्यु र ४८ जना सम्पर्कविहीन भएपछि सिङ्गो सप्तरी यतिबेला शोकमा डुबेको छ ।

# बाढी प्रभावित कुन क्षेत्रमा कति रकम निकासा भयो ?

काठमाडौं, १७ भदौ (रासस) । सरकारले रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित पाँच जिल्लाका १५ स्थानीय तहका लागि रू १३ करोड ५० लाख निकासा गरेको छ । सरकारले दुई चरणमा गरी ती पालिकामा उक्त रकम निकासा गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार भोटेकोशी हुँदै त्रिशूली नदीमा बाढी गएलगत्तै रसुवा र नुवाकोटका लागि रू एक/एक करोड र धादिङका लागि रू ५० लाख दिने निर्णय सरकारले गरेको थियो । त्यसपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत यही भदौ १२ गते रु छ करोड ५० लाख र १६ गते रु छ करोड ५० लाख गरी रु१३ करोड ५० लाख निकासा गरेको हो ।

प्राधिकरणका अनुसार रसुवाको उत्तरगया गाउँपालिकाका लागि रु एक करोड ५० लाख, गोसाइँकुण्ड गाउँपालिकाका लागि रु दुई करोड, कालिका गाउँपालिकाका लागि रू ६० लाख र आमा छोदिङ्मो गाउँपालिकाका लागि रू ४० लाख निकासा गरिसकेको छ ।

त्यसैगरी, नुवाकोटको विदुर नगरपालिकाका लागि रू तीन करोड, बेलकोटगढी नगरपालिकाका लागि रू एक करोड ५० लाख, किस्पाङ गाउँपालिकाका लागि रू ५० लाख र तारकेश्वर गाउँपालिकाका लागि रू एक करोड निकासा गरिएको छ ।

त्यस्तै, धादिङका गल्छी गाउँपालिकाका लागि रू ६० लाख, सिद्धलेक गाउँपालिकाका लागि रू ४० लाख, गजुरी गाउँपालिकाका लागि रू ४० लाख र बेनिघाट रोराङ गाउँपालिकाका लागि रू ४० लाख निकासा गरिएको प्राधिकरणले जनाएको छ ।

साथै गोरखाको गण्डकी गाउँपालिकाका लागि रू ४० लाख तथा तनहुँको देवघाट गाउँपालिकाका लागि रू ४० लाख र आँबुखैरनी गाउँपालिकाका लागि रू ४० लाख निकासा भइसकेको पनि प्राधिकरणले जनाएको छ ।

यसैबीच, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हालसम्म रू सात अर्ब ८८ लाख ५७ हजार २१७ जम्मा भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई भदौ १६ गते रू एक करोड निकासा दिएपछि अब सो कोषमा रू छ अर्ब ८८ लाख ५७ हजार २१७ मौज्दात रहेको छ । साथै प्रधानमन्त्री राहत कोषमा थप ६१ लाख ४१ हजार ७०२ अमेरिकी डलर जम्मा भएको छ ।

# रसुवा बाढीमा एक हजार ११४ जनाको मृत्यु र तीन हजारभन्दा बढी बेपत्ता

काठमाडौं, १७ भदौ (रासस) । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले रसुवा बाढीमा परी हालसम्म एक हजार ११४ जनाको मृत्यु भएको जनाएको छ ।

प्राधिकरणका अनुसार बाढी प्रभावित क्षेत्रमा अझै करिब तीन हजार ९१६ जना सम्पर्कविहीन छन् । प्राधिकरणका प्रवक्ता शान्ति महतले पछिल्लो अद्यावधिक विवरण सार्वजनिक गर्दै रसुवामा ४१, नुवाकोटमा १५५, धादिङमा ५९, गोरखामा ६६, तनहुँमा ३५, नवलपरासी पूर्वमा १७७, नवलपरासी पश्चिममा १९० र चितवनमा ३४८ जनाको शव प्राप्त भएको जानकारी दिनुभयो ।

प्राधिकरणका अनुसार बाढी प्रभावित क्षेत्रमा खोज र उद्धारका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलका समेत गरी २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ । हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको प्राधिकरणले जनाएको छ ।

प्रभावित क्षेत्रमा ३७ ट्रक र ३७ वटा साना सवारीमार्फत अत्यावश्यक खाद्य सामग्री पठाइएको जानकारी दिइएको छ । त्यस्तै हेलिकप्टरबाट समेत प्रभावित परिवारका लागि राहत सामग्री पुर्‍याइएको छ ।

प्राधिकरणका अनुसार बाढी प्रभावित १५ पालिकालाई हालसम्म सरकारले रु छ करोड ७५ लाख नगद राहत निकासा गरेको छ । रसुवा, नुवाकोट र धादिङमा इन्धन तथा सञ्चार सेवा पुनः सञ्चालनका लागि समेत आवश्यक व्यवस्थापन भइरहेको जनाइएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजबिराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*